# नेपाल सोसाईटी अफ अब्सटेट्रीसियनस् एण्ड गाईनाकोलोजीष्ट्स

## संस्थाको बिधान

**परिच्छेद १**

## प्रस्तावना

प्रसुति तथा स्त्री रोगको क्षेत्रमा बैज्ञानिक तथा आधुनिक चिकित्सा प्रणाली अप्नाई गुणस्तरिय सेवा प्रदान गरी सर्वसाधरण जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यबाट स्त्रीरोग तथा प्रसुति बिषय क्षेत्रमा नेपालमा कार्यरत दक्ष बिशेषज्ञयहरुको साभ्का प्रयासबाट यो संस्था स्थापना भएको हो । जनताको स्वास्थमा सुधार ल्याई मुलुकलाई समुन्नत बनाउने दिशामा आपसी सहयोग र समभ्कदारीको भावनाबाट अभिप्रेरित भई व्यक्तिगत स्तरमा अनुदान रकम संकलन गरि कानुनी रुपमा संस्थागत प्रयासको माध्यमबाट एउटा निश्चित दिशाबोध गर्न आफ्नो शक्तिले भ्याएसम्म प्रयास गर्नका लागी वाञ्छनिय देखिएकोले संस्था दर्ता ऐन २०३४ अन्तर्गत " **नेपाल सोसाईटी अफ अब्सटेट्रीसियनस् एण्ड गाईनाकोलोजीष्ट्स** " नामक विशुद्ध सामाजिक संस्था स्थापना गरि संचालनार्थ यो विधान निर्माण गरिएको हो ।

१) **संस्थाको नाम , प्रारम्भ र संक्षिप्त नाम :-**

यस संस्थाको नाम **नेपाल सोसाईटी अफ अब्सटेट्रीसियन्स एण्ड गाईनाकोलोजीष्ट्स** हुनेछ । अंग्रेजीमा यस संस्थाको नाम **ल्भएबि क्इऋक्ष्त्थ इँ इद्यक्तभ्त्च्क्षऋक्षब्ल्क ब्ल्म न्थल्भऋइीइन्क्क्त्क** हुनेछ र संक्षिप्त नाम नेसोग **(ल्भक्इन्)** भनिनेछ । यो विधान संस्था दर्ता भएको मितिदेखि लागू हुनेछ ।

**यस संस्थाको अन्य संघ संस्था संगको सम्बन्ध**

(क) यस संस्थाको सम्बन्ध विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रसुति एवम् स्त्री रोग विषयमा कार्यरत संघ, संस्था एवं वैज्ञनिक संगठन संग हुनेछ । यस प्रकारको सम्वन्धका लागी यस संस्थाको कार्यकारी समितिले निर्णय गरि यस संस्थाको विषयसंग सम्बन्धित ठहरेमा त्यस्ता संघ, संस्था एवं संगठनहरुको नाउ यस संस्थाको विधानमा ब्यवस्थित उप नियममा राखिने छ ।

(ख) यस संस्थाको विधानमा उल्लेखित उद्देश्यहरु स्वीकार गरि कार्य गर्न मन्जुर भएमा सम्बन्धित विभिन्न संघ, संस्था, संगठनहरुले पनि यस संस्था संग सम्बन्ध राख्न सक्नेछ ।

(ग) यस संस्थाको साधारण सभाको बैठकले कार्यकारी समितिको प्रतिवेदन अनुसार संस्थाबाट कुनै पनि संघ, संस्था, संगठनसंगको सम्बन्धलाई उचित सुचना दिई रद्ध गर्न सकिन्छ ।

२) **परिभाषा :-**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयुक्त निम्न शब्दहरुको परिभाषा निम्नानुसार गरिएको छ ।

(क) 'विधान' भन्नाले यस संस्थाको बिधानलाई सम्भ्कनुपर्दछ ।

(ख) 'संस्था' भन्नाले " **नेपाल सोसाईटी अफ अब्सटेट्रीसियनस् एण्ड गाईनाकोलोजीष्ट्स** " **(ल्भएबि क्इऋक्ष्त्थ इँ इद्यक्तभ्त्च्क्षऋक्षब्ल्क ब्ल्म न्थल्भऋइीइन्क्क्त्क)** लाई जनाउने छ ।

(ग) 'समाज' भन्नाले उपदफा ख मा उल्लेखित संस्थालाई जनाउनेछ ।

(घ) 'कार्यसमिति' भन्नाले यस विधानको दफा १४ बमोजिम गठित कार्यसमितिलाई जनाउने छ ।

(ङ) 'सभा' भन्नाले यस विधानबमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

(च) 'साधारण सभा' भन्नाले यस संस्थाको सम्पूर्ण सदस्यहरुको सभा भन्ने सम्झनु पर्द यो सभा आधिकारीक सर्वमान्य निर्णयक सभा हुनेछ ।

(छ) 'पदाधिकारी' भन्नाले कार्य समितिमा निर्वाचित अध्यक्ष, वरिष्ठ उपाध्यक्ष (प्रेसिडेनट इलेक्ट) उपाध्यक्ष, महासचिव, सह-महासचिव, सामाजिक, सास्कृतिक तथा बैज्ञानिक सचिव, सामाजिक, सास्कृतिक तथा बैज्ञानिक सह-सचिव, कोषाध्यक्ष, सह-कोषाध्यक्ष र सदस्य समेतलाई जनाउने छ ।

(ज) 'नियम, विनियम' भन्नाले संस्थाको हितमा गरिने उपयुक्त कार्यहरुको लागी समय परिस्थिती अनुसार यस विधान अन्तर्गत वन्ने नियम, विनियमलाई जनाउँदछ ।

(झ) 'सम्बन्धित निकाय' भन्नाले जिल्ला प्रशासन कार्यालय, मेडिकल काउन्सील, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल चिकित्सक संघ , विश्वविद्यालयलाई बुझाउने छ ।

(ञ) 'सदस्य' भन्नाले संस्थाको संस्थापक, साधारण, आजिवन, मान्यार्थ, सह-सदस्य र अस्थायी सदस्य समेतलाई बुझाउने छ ।

(ट) 'उप-समिति' भन्नाले कार्यसमिति अर्न्तगत गठित हुने अन्य समितिहरु लाई जनाउने छ ।

(ञ) 'स्थानीय अधिकारी' भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ ।

(ट) 'तोकिएको वा तोकिएबमोजिम' भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिए वा तोकिएबमोजिम सम्झनुपर्दछ ।

(ठ) 'स्थानीय निकाय' भन्नाले गा.वि.स., महानगर, उपमहानगर, नगरपालिका र जि.वि.स. लाई जनाउने छ ।

यस विधानमा पुलिङ्गको लागि प्रयोग भएका सर्वनामहरु स्त्रीलिङ्गको लागि पनि समान रुपले प्रयोग हुनेछ ।

## ३) संस्थाको छाप र चिन्ह :-

प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरि संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि १ वमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिने छ ।

## ४) संस्थाको ठेगाना :-

यस सस्थाको प्रधान कार्यालय काठमाण्डौंमा रहने छ । आवश्यता अनुसार सम्वन्धित निकायको स्वीकृती लिई देशका अन्य भाग एवम् विदेशमा समेत यसको शाखा विस्तार गर्न सकिनेछ ।

## परिच्छेद २

**५)　संस्थाको उद्देश्य :-**

नेपालमा विधमान स्त्रीरोग, तथा प्रसुती संग सम्बन्धित विषयमा पूर्णत शैक्षिक, वैज्ञानिक एवं जनस्वास्थ्य मुखी उच्चस्तरको सेवा प्रदान गर्न यस संस्थाको उद्देश्य हुनेछ ।

क)　शिक्षाको गुणस्तरमा जोड दिई सदस्यहरुलाई वैज्ञानिक सेवा प्रदान गर्न सहयोग तथा सरसल्लाह दिने ।

(ख)　संस्थाको सदस्यहरुसंग नियमित भेटघाटको कार्यक्रम राखि यस विषयमा आवश्यक सुझाव संकलन तथा छलफल गरि ठोस निर्णय गर्ने र समयानुकुल त्यसलाई प्रयोगात्मक पक्षमा कार्यान्वियन गर्ने एउटा सही मार्गको निर्धारण गर्ने ।

ग)　प्रसुती एवम् स्त्रीरोग विषयमा आवश्यक स्तरयुक्त शिक्षा तथा तालिमको लागि सम्वन्धित निकाय संग छलफल गरि राय प्रदान गर्ने आवश्यकता अनुसार यस विषयमा नेतृत्वदायी भूमिका पनि निर्वाह गर्ने ।

घ)　प्रसुती तथा स्त्री रोग विषयमा पोष्ट ग्राजुएट शिक्षा तथा तालिममा चाहिने अनुसन्धानको लागि तथा यस विषयको सम्पूर्ण क्षेत्रमा अनुसन्धानको लागि सहयोग तथा प्रोत्साहित गर्ने ।

ङ)　राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी एवम् गैरसरकारी संघ, संस्थाहरुले अनुरोध गरेमा सम्वन्धित विषयमा राय सरसल्लाह प्रदान गर्ने, विभिन्न व्यक्तिगत तथा अन्य संस्था संस्थाहरुसंग सम्बन्ध राखि यस बिषयमा विधमान समस्या समाधानको लागि विविध कार्यक्रम तयार पारी देशका विभिन्न भागमा संचालन गर्दै जाने तथा लागु गर्न सम्वन्धित निकाय संग पहल गर्ने ।

च)　जनताको हितका लागि स्त्रीरोग तथा प्रसुतीको क्षेत्रमा कार्यरत दक्षिण पुर्वी एशिया तथा अन्य क्षेत्रका संस्था तथा स्वास्थ्यकर्मीहरुको बीचमा आपसी सहयोगलाई अभिबृदि गर्ने । यस क्षेत्रमा कार्यरत पेशाकर्मीहरुको हक हितलाई सुनिश्चित एवम् सुरक्षित वनाउन सम्वन्धित निकायहरुसंग समन्वय गरि ठोस पहल गर्ने ।

छ)　जनतालाई प्रसुती तथा स्त्री रोग विषयमा राम्रो ज्ञान दिलाउने उद्देश्यले संस्थाले समय समयमा प्रसुती तथा स्त्री रोग सम्बन्धित विषयमा जर्नलहरु एवम् स्वास्थ्य शिक्षा सम्बन्धि शैक्षिक सामाग्रीहरु प्रकाशित गर्ने, प्रचार प्रसार गर्ने र यसका अलावा समय समयमा सभा, गाष्ठी, सेमीनार तथा सम्मेलनको अयोजना गर्ने ।

ज)　प्रसुती तथा स्त्री रोग क्षेत्रमा कार्यरत जनशक्तिलाई हरहम्मेशा जनताको स्वास्थ्यको राम्रो हेरचार गरि तिनीहरुको जीवनस्तरमा सुधारमा ल्याउन आवश्यक कदम चाल्ने र यो सेवामा कार्यरत रहन आकर्षित गर्ने ।

झ)　स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्य कार्यकर्ताहरुलाई उच्च स्वास्थ्य सेवा प्रदान गर्नु पहिलो प्राथमिक्ता हो भनी बोध दिलाई सर्व साधारण जनतालाई स्वस्थ्य बनाउन सहयोग पुऱ्याउने ।

ञ)　नेपालमा विद्यमान प्रजनन स्वस्थ्य सम्वन्धि समस्याको पनि पहिचान गरि त्यस्ता समस्याहरुको निराकरण गर्नका लागी प्रयास गर्ने ।

ट)　प्रजनन स्वास्थ्य सम्वन्धि कार्य निती निर्माण तथा कार्यक्रम संचालनमा स्वस्थ्य सेवा विभाग तथा स्वास्थ्य तथा जनसंख्या मंन्त्रालयलाई सघाउने, राय दिने वा आवश्यक कदम चाल्ने ।

ठ)　प्रजनन स्वास्थ्य सम्वन्धित विषयहरुमा सैद्धान्तिक एवम् प्रयोगात्मक शैक्षिक कार्यक्रमहरु संचालन गर्ने गराउने ।

५.(१)　संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :- यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी आफ्ना उद्देश्यहरु कार्यान्वय गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गरि भवन निर्माण गर्ने वा भाडा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, टाइपराइटर जस्ता आवश्यक सामान तथा सवारी साधन खरिद वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको सर्तहरु निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ ।

## परिच्छेद ३

**६) सदस्यताको लागि योग्य उम्मेदवार :-**

यो संस्थाको सदस्यता त्यसता व्यक्तिहरु ग्रहण गर्न योग्य मानिन्छन जो प्रसुती तथा स्त्रीरोग बिषयमा स्नातक वा स्नातकोत्तर उत्तिर्ण गरेका वा प्रसुती तथा स्त्रीरोग बिषयको क्षेत्रमा निरन्तर ३ वर्ष वा सो भन्दा समय देखि कार्यरत चिकित्सकहरु कार्यकारी समितिको सिफारिसमा सदस्य हुन सक्तछन् ।

**७) सदस्यहरुको प्रकार र सदस्यता प्रदान गर्ने विधि :-**

**यस संस्थामा निम्न वमोजिम ६ प्रकारका सदस्यहरु रहने व्यवस्था गरिएको छ ।**

**१) संस्थापक सदस्य**

**२) साधारण सदस्य**

**३) आजिवन सदस्य**

**४) मानर्थ सदस्य**

**५) सह-सदस्य**

**६) अस्थायी सदस्य**

यस संस्थाको रजिष्ट्रमा नाम दर्त्ता भएका सदस्यहरु सदस्यको रुपमा समावेश हुनेछन् । एक दर्त्ता रजिष्टर रहने छन । र त्यसमा सदस्यहरुले प्राप्त गरेको स्थायी योग्यता दर्त्ता मिति तथा ठेगाना स्पष्ट रुपमा उल्लेख हुनेछ ।

**१) संस्थापक सदस्यः**

(क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्यले विधानमा उल्लेख भएबमोजिम शुल्क बुझाई साधारण वा आजीवन सदस्य प्राप्त गर्न सक्नेछन् ।

**२) साधारण सदस्यः**

क) नेपाली नागरिक जसले, प्रसुती तथा स्त्रीरोग बिषयमा स्नातक तथा स्नातकोत्तर तहको शिक्षा हासिल गरेको वा यो विषयमा निरन्तर ३ वर्ष वा सो भन्दा वढी काम गरिसकेका

चिकित्सकहरु यस संस्थाको साधारण सदस्य बन्न सक्नेछन् । विदेश नागरिकहरुको हकमा नेपाल मेडिकल एशोशिएशनमा दर्ता भएको छ भने साधारण सदस्यता प्रदान गरिनेछ ।

**३) आजिवन सदस्य:**

यस संस्थामा प्रवेश शुल्क रु. १००/- र सदस्यता शुल्क एकमुष्ट रु. ५,०००/- बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

४. मानार्थ सदस्य :

कार्य समितिको सिफारिसमा साधारण सभाको निर्णयले उपयुक्त ठानेको प्रसुती तथा स्त्रीरोग सम्वन्धि विषयको विशेषज्ञ, बैज्ञानिक, समाजसेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली तथा विदेशी नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ । तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

**५) सह-सदस्य:**

सदस्यहरुले जसले पोस्ट ग्राजुएट तालिम वा अन्य कुनै विषयमा विशेष दक्षता हासिल गरेको छन् भने ती लगायत विदेशी नागरिकहरु जसले प्रसुती तथा स्त्रीरोग विषयमा डिग्री हासिल गरेका छन् तर मेडिकल काउन्सिलको सदस्य छैनन् भने त्यस्ता सदस्यहरु यस संस्थाको सह-सदस्य हुनेछन् ।

**६) अस्थायी सदस्य:**

प्रसुती तथा स्त्रीरोग विषयमा दक्षता प्राप्त गर्न तालिम लिई रहेका जुनियर चिकित्सकहरु यस संस्थाको अस्थायी सदस्य हुनेछन् ।

**सदस्यहरुको दर्ता**

संस्थाले प्रदान गरेको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका राखिनेछ जसमा सदस्यको नाम, ठेगाना, शैक्षिक योग्यता, दर्ता मिति, टेलिफोन नम्वर र इमेल ठेगाना जस्ता कुराहरु उल्लेख गरिनेछ ।

**सदस्यहरुको सुविधा**

क) संस्थाका सबै सदस्यहरुले संस्थावाट प्रकाशित प्रकाशनहरु प्राप्त गर्न सक्ने छन् ।

ख) संस्थाका सम्पुर्ण सदस्यहरुले संस्थाद्धारा संचालित विशेष कार्यक्रमहरु, लेक्चर, प्रकाशन प्रदर्शनमा भाग लिने अलवा संस्थाद्धारा आयोजित सामाजिक कार्यक्रम तथा मनोरन्जनमा भाग लिने अधिकार प्राप्त गर्नेछन् ।

ग) कार्यकारी समितिको गठनको लागि पदाधिकारी छान्न निर्वाचन प्रकृयामा केवल साधारण र आजिवन सदस्यहरुले मात्र मताधिकार प्राप्त गर्ने छन् ।

घ) संस्था विनियम अनुसार दिइएका वा प्राप्त हुने अन्य सुविधाहरु पनि सदस्यहरुले प्राप्त गर्नेछन् ।

## परिच्छेद ४

८) सदस्यता शुल्क :

(क) संस्थाको साधारण सदस्य, सह-सदस्य र अस्थायी सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु. १००/- र वार्षिक शुल्क रु. १५००/- बुझाई तोकिएको प्रक्रियाअनुसार आवेदन पेश गरेमा कार्यसमितिको निर्णयले संस्थाको सदस्यता प्रदान गर्न सकिने छ ।

(ख) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष चैत्र महिनाको मसान्तभित्र नवीकरण गराइसक्नु पर्ने छ ।

(ग) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइने छ ।

(घ) सबै सदस्यहरुले विधान र विधानअन्तर्गत बनेको नियम र विनियमबमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्ने छ ।

**९) सदस्यताको अयोग्यता :-**

(१) निम्न लिखित अवस्थामा यस संस्थाको सदस्यता दिईने छैन :

क) नैतिक पतन हुने कुनै फौजदारी अपराधमा सजाय पाएका व्यक्तिहरु ।

ख) मानसिक सन्तुलन ठिक नभएको व्यक्ति ।

ग) सामाजिक संस्था संस्थाको पदीय अख्तियारको दुरुपयोग गरेको वा सम्पति हिनामिना गरेको कसुरमा सजाय पाएको व्यक्ति ।

घ) यस विधानमा लेखिएको दफा ६ वमोजिम सदस्य हुनलाई चाहिने शर्त (परिभाषा) वमोजिमका योग्यता नपुगेका व्यक्ति ।

(२) सदस्यताको समाप्ती

**१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन :-**

(ख साधारण सभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा,

(ख) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(ग) संस्थाको कामकारवाहीमा वेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(घ) कुनै व्यक्तिलाई संस्थाको सदस्यता नियुक्त हुन वा वहाल रहन अयोग्य ठहराउनुभन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सबुत पेश गर्ने मौका दिनुपर्नेछ ।

## परिच्छेद ५

**१०)** साधारण सभाको गठन :-

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुको एक साधारण सभा गठन हुने छ। मानार्थ सदस्यहरु आमन्त्रित हुने छन्। साधारण सभा संस्थाको सर्वोच्च अंग हुने छ।

२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

संस्थाको वार्षिक साधारण सभा वर्षको एकपटक बस्ने छ।

३. यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नको लागि कम्तिमा ७ दिन अगावै सभा हुने ठाउँ मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइनेछ।

४. उपदफा ३ बमोजिम बोलाइएको साधारण सभामा दफा १२ बमोजिमको गणपूरक संख्या नपुगि सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइने छ।

५. वार्षिक साधारण सभाको छुट्टै निर्णय पुस्तिका राखिने छ।

**साधारण सभाको बैठक**

हरेक वर्ष सम्मेलनको समयमा साधारण सभाको बैठक बस्नेछ।

**११) साधारण सभाको काम कर्तव्य र अधिकार :**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रम र वार्षिक बजेट पारित गर्ने।

(ख) लेखापरीक्षकबाट प्राप्त वार्षिक लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्ने। नमिलेको बेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नका लागि कार्य समितिलाई निर्देशन दिने।

(ग) आगामी वर्षको लागि लेखापरीक्षकको नियुक्त गर्ने।

(घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मुल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने।

(ङ) हरेक दुई वर्षमा हुने अन्तरराष्ट्रिय सम्मेलन हुनु भन्दा छ महिना अगावै कार्यकारी समितिको निर्वाचन गराई सक्नु पर्ने छ।

(च) कार्यसमितिद्वारा पेश भएका विधान शंसोधन, नियम तथा विनियम स्वीकृति गर्ने।

(छ) मानार्थ सदस्यता अनुमोदन गर्ने ।

(ज) कार्यसमितिबाट संस्थाको हित अनुकूल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरु आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

(ञ) सँधँरणँ सभाले सदस्यता समाप्त गर्ने विषयमा निर्णय गर्ने छ ।

१२) गणपुरक संख्या :

१. कूल सदस्य संख्याको ५० प्रतिशत भन्दा वदि सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा १० को उपदफा (४) उल्लेख भए बमोजिम पुःन बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ३३ प्रतिशत उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

**१३) विशेष साधारण सभा :-**

संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभाको लिखित माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तिमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको ६ महिनाभित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन । र विशेष साधारण सभाको छुट्टै निर्णय पुस्तिका राखिने छ ।

१४) कार्य समितिको गठन :-

संस्थाको कार्यकारी समितिमा १६ जना सदस्यहरु रहने छन् । अध्यक्ष, वरिष्ठ उपाध्यक्ष (प्रेसिडेन्ट इलेक्ट), एक जना भर्खरै विगठित कार्य समितिका अध्यक्ष (इमिडेएट पास्ट प्रेसिडेन्ट ), महासचिव, सह-महासचिव, सामाजिक, सांस्कृतीक तथा वैज्ञानिक सचिव, सामाजिक, सांस्कृतीक तथा वैज्ञानिक सह-सचिव, कोषाध्यक्ष, सह-कोषाध्यक्ष र अन्य ६ जना सदस्यहरु र समितिका पदाधिकारी एवं सदस्यहरुको पदावधि पून निर्वाचन नभए सम्म २ वर्षको लागी हुनेछ । कार्य समितिको १६ जना सदस्यहरु पूर्व अध्यक्ष ज्युहरुको एक सल्लाहाकार समिति रहने छ जसले यस संस्थाको उत्तरोउत्तर प्रगतिका लागी आफनो ज्ञान तथा अनुभवको प्रयोग गरि कार्य समितिको कार्यमा सहयोग पुर्‍याउने कार्य गर्नेछ ।

१. कार्य समितिको चयन दफा २१ मा उल्लेख भए वमोजिम निर्वाचनबाट हुनेछ यसमा देहायका पदाधिकारीहरु रहनेछन् ।

१) अध्यक्ष - १ (एक)

२) वरिष्ठ उपाध्यक्ष (प्रेसिडेन्ट इलेक्ट) १ (एक)

३) भर्खरै निवर्तमान अध्यक्ष (इमिडेएट पाष्ट प्रेसीडेन्ट) - १ (एक)

४) उपाध्यक्ष - १ (एक)

५) महासचिव -१ (एक)

६) सह-महासचिव -१(एक)

७) सामाजिक, सास्कृतिक बैज्ञानिक सचिव -१ (एक)

८) सामाजिक, सास्कृतिक, बैज्ञानिक सह-सचिव -१ (एक)

९) कोषाध्यक्ष -१ (एक)

१०) सह-कोषाध्यक्ष - १ (एक)

११) सदस्य - ६ (छ)

२. यस संस्थामा बढीमा १६ जनासम्मको कार्यसमिति हुनेछ ।

३. कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ ।

४. वार्षिक साधारण सभा हुनु अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा वाँकी अवधिको लागि कार्य समितिको सदस्यको नियुक्ति कार्यसमितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद विचमा रिक्त भएमा सो पदमा नियुक्ति भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्ति भएको हो । सो सदस्य बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।

५. कार्य समितिको बैठकः

कार्य समितिको बैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले बोलाउने छ । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले लिखित माग गरेमा अध्यक्षले कार्यसमितिको बैंठक बोलाउनु पर्ने छ ।

६ कार्यसमितिको बैंठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ । उपाध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

७. कार्य समितिको बैंठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छ ।

८. कार्य समितिको बैंठकमा छलफल भएको विषय र तद सम्बन्धमा भएको निर्णयको विवरण ( माइन्युट) को छुट्टै अभिलेख राख्नुपर्ने छ र सो निर्णय (विवरण) मा बैंठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्ने छ । तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्ने छ ।

९. संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

१०. माथिको दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैंठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैंठकको निर्णय सरह मानिने छ ।

**१५)  कार्यकारी समितिको कार्यहरु :-**

**क)** संस्थाको विधान, दफा तथा नियम अनुसार कार्य समितिले नेपाल प्रसुती तथा स्त्रीरोग विशेषज्ञ संस्थाको दैनिक कार्य संचालन गर्नेछ । समितिले सदस्यहरुको पेशागत हितको लागि कार्य गर्नेछ ।

**ख)** कार्य समिति संस्थाको नियम अनुसार सदस्यहरुको पुर्ण विवरण सूची तयार पार्नेछ । नया सदस्यहरुको नामावली समावेश गर्ने र सूचीबाट हटेका सदस्यहरुको रेर्कड तयार पार्नेछ ।

**ग)** यस समितिलाई उप समितिहरु गठन गर्ने अधिकार रहनेछ ।

**घ)** यस समितिले साधारण सभा हुनु पुर्व नेपाल प्रसुती तथा स्त्रीरोग विशेषज्ञ संस्थाको बैठकको लागि आवश्यक कार्यकम तयार पार्ने व्यवस्थापन समिति गठन गर्ने र चुनाव समिति गठन गर्न छलफलको एजेण्डा तयार पार्ने काम गर्ने छ ।

**ङ)** यस समाजका पुर्व अध्यक्षज्युहरुलाई यस समाजको सल्लाहकारका रुपमा कार्य समितिमा रहनु हुनेछ ।

**१६)  कार्यकारी समिति गठन, काम, कर्तव्य र अधिकार :-**

कार्य समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

१. संस्थाको अगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. विधानबमोजिम व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यन्वयन गर्ने गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, स्रोत जुटाउने, कार्यन्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।

८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदिसम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

९) यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकताअनुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्ने छ । यसरी गठन भएका अन्य समिति वा उपसमितिहरुको कार्य कार्यसमितिले तोकिदिए बमोजिम हुनेछ । तर यस्ता अन्य समिति वा उपसमितिहरुको गठन साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्ने छ ।

१०. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरिदिने ।

११. संस्थालाई उपयुक्त हुने स्थानमा संस्थाको कार्यालय स्थानान्तरण गर्न सक्नेछ । संस्थाको आफ्नै नाममा रहको जमिन, भवनलाई समेत उचित मूल्यमा विक्रि गरि सो रकम सोहि प्रयोजनका लागी खर्च गरि अन्यत्र संस्थालाई पायक पर्ने स्थानमा जग्गा जमिनि भवन खरिद एवम् निर्माण गरि स्थानान्तरण गर्न सक्नेछ सो को अनुमोदन वार्षिक साधारण सभावाट अनिवार्य रुपमा गराउनु पर्नेछ ।

१२. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**ख) संस्थाका कार्य समितिका** पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार : कार्य समितिका पदाधिकारहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

१. अध्यक्षको काम, कर्तव्य र अधिकार :-

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठकको कार्य प्रणाली व्यवस्थिन गर्ने ।

(ख) आवश्यकता अनुसार निर्णायक मत दिने ।

(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

(घ) संस्थाको नेतृत्व लिने ।

(ङ) आवश्यकता अनुसार कार्य समितिको बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने ।

(च) अन्य पदाधिकारी एवम् सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(छ) अभिलेख प्रमाणित गर्ने ।

(ज) संस्थावाट गरिने सम्पूर्ण कार्यहरुको नियन्त्रण र निर्देशन गर्नुका साथै संस्था संचालन गर्नुपर्ने आवश्यक अन्य कार्यहरु गर्नेछ ।

**२. वरिष्ठ उपाध्यक्ष (प्रेसिडेन्ट इलेक्ट) को काम, कर्तव्य र अधिकार :-**

(क) वरिष्ठ उपाध्यक्ष (प्रेसिडेन्ट इलेक्ट) ले अध्यक्षलाई कार्य सम्पादन गर्न मद्दत गर्ने छ । वरिष्ठ उपाध्यक्ष (प्रेसिडेन्ट इलेक्ट) २ बर्षे निर्वाचित कार्यकाल समाप्त गरेपछि अर्को पल्ट हुने कार्य समितिको निर्वाचनमा पश्चात कार्य समितिको अध्यक्ष स्वतः बन्ने छ । अध्यक्षको निर्वाचनमा सहभागी हुनु पर्ने छैन ।अध्यक्षको पदावधि समाप्त भएपछि वरिष्ठ उपाध्यक्ष (प्रेसिडेन्ट इलेक्ट) ले स्वतः पदभार सम्हाल्ने छ ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

**३. भखर्रै विगठित कार्य समितिका अध्यक्ष (इमिडेएट पास्ट प्रेसिडेन्ट )को काम, कर्तव्य र अधिकार :-**

(क) भखर्रै विगठित कार्य समितिका अध्यक्ष (इमिडेएट पास्ट प्रेसिडेन्ट )ले अध्यक्षलाई कार्य सम्पादन गर्न मद्दत गर्ने छ । संस्थाका गतिविधिहरुको पूर्ण जानकारी दिने र आवश्यक सल्लाह सुझावहरु दिने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

४. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :-

(क) अध्यक्षलाई कार्य सम्पादनमा पूर्ण सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने ।

५. महासचिवको काम, कर्तव्य र अधिकार :-

(क) संस्थाको सचिवलायको रेखदेख र सञ्चालन गर्ने ।

(ख) अध्यक्षको निर्देशन बमोजिम साधारण सभा तथा कार्यकारिणी समितिको बैठक बोलाउन आवश्यक पत्राचार गर्ने ,

(ग) बैठकमा भएको सम्पूर्ण कुरा पुस्तकमा अभिलेखित गराई राख्ने,

(घ) संस्थाको तर्फबाट आवश्यक पर्ने दैनिक प्रशासनिक कार्य संचालन गर्ने,

(ङ) संस्थाको बार्षिक कार्यक्रम तयार गरि साधारण सभामा प्रस्तुत गर्ने,

(च) संस्थाको दैनिक कार्य संचालनको लागि कोषबाट खर्च गर्ने र निकासा दिने,

(छ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

६. सह-महासचिवको काम, कर्तव्य र अधिकार :-

(क) सह-महासचिवले महासचिवको कार्य सम्पादनमा सहयोग गर्नुका साथै कुनै कारणबाट महा सचिव उपस्थित नभएमा निजको कार्यभार सम्हाल्ने ।

(ख) महासचिवले दिएको जिम्मेवारी पूरा गर्न ।

**७. सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक सचिव :-**

सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक सचिवले आफ्नो विषयसंग सम्वन्धित विषयहरुको सभा सम्मेलनको आयोजना गर्न विषयवस्तुको अध्ययन गरि कार्यपत्र सहित कार्यसमिति समक्ष प्रस्ताव पेश गर्ने र त्यस्ता सम्मेलनहरुको विषयमा भएका निर्णयहरुको जानकारी दिन वक्तव्य तथा आवश्यक प्रदर्शनी तथा पत्रकार सम्मेलनको व्यवस्था पनि गर्ने छ ।

**८. सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक सह-सचिव :-**

(क) सामाजिक, सांस्कृतिक तथा बैज्ञानिक सह-सचिवले सामाजिक, सांस्कृतिक तथा बैज्ञानिक सचिवको कार्य सम्पादनमा सहयोग गर्नुका साथै कुनै कारणबाट सचिव उपस्थित नभएमा निजको कार्यभार सम्हाल्ने ।

(ख) सामाजिक, सांस्कृतिक तथा बैज्ञानिक सचिवले दिएको जिम्मेवारी पूरा गर्न ।

९. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :-

(क) अध्यक्षको निर्देशन पालना गर्ने र संस्थाबाट भएको खर्चको बिवरण अद्यावधिक राख्ने,

(ख)  संस्थाको आम्दानीको हिसाब किताब दुरुस्त राख्ने,

(ग)  सदस्यहरूबाट लिनुपर्ने सदस्यता शुल्क सम्बन्धी बाकीं फछ्र्यौट आदिको तालिका बनाउने र संस्थाका सम्पूर्ण सदस्यहरुको अध्यावधिक रजिष्टर खडा गर्ने ,

(घ) साधारण सभाको बैठकमा आम्दानी खर्चको फाँटवारीको स्थिति एवं समस्या तथा सुझावहरू प्रस्तुत गर्ने,

(ङ)  आर्थिक कारोवार, लेखा तथा खर्च सम्बन्धी आवश्यक अन्य काम कुराहरुको जिम्मेवारी लिने र

(च)  संस्थाको कोषको संचालन कार्यकारिणी समितिले तोकेको तरिकाले गर्ने ।

**१०.  सह** कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :-

(क)  सह कोषाध्यक्षको कार्य कोषाध्यक्षको कार्यमा सहयोग गर्ने । कोषाध्यक्षको अनुपस्थितिमा निजले कोषाध्यक्षको कार्यभार सम्हाल्ने छ ।

(ख)  कोषाध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

११.  सदस्यहरुको काम, कर्तव्य र अधिकार :-

(क)  समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

(ख)  संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

(ग)  बैठकमा उपस्थित भई कार्यसमितिलाई संस्थाको कार्यमा सुझाव दिने,

(घ)  संस्थाको सामाजिक कामको लागि आवश्यक अन्य कामहरु गर्ने,

(ङ)  अध्यक्षको निर्देशन पालना गर्ने ।

**ग)**  पद त्याग गर्न सक्ने :-

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## परिच्छेद ६

**१७)  आर्थिक व्यवस्था :-**

१)  संस्थाको अर्थिक कारोवार नियन्त्रणको कार्य कार्यकारी समितिले गर्ने छ ।

२)  संस्थाको बैंक खाता अध्यक्ष वा महासचिव मध्ये एक जना र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

३)  उप-समितिहरुको आर्थिक कारोवारको विषयमा सम्बन्धित अध्यक्षको सिफारिसमा मात्र भुक्तानी दिन सकिन्छ ।

४)  कोषाध्यक्षले आकश्मीक कोषको रुपमा रु ५०००/- सम्म राख्न पाउने छ । उक्त रकम संस्थाको आकस्मिक कार्यमा खर्च गर्नु परेमा चलाउन सक्ने छ ।

५)	नेपाल सरकारद्धारा स्वीकृत लेखा परिक्षकले आर्थिक वर्षको अन्तमा आर्थिक कारोवारको लेखापरिक्षण गर्नेछ र उक्त परिक्षण भै सकेको प्रतिवेदन नेपाल प्रसुती तथा स्त्रीरोग विशेषज्ञ संस्थाको प्रकाशनमा प्रकाशित गरिने छ ।

**सम्मेलन सम्वन्धि व्यवस्था**

संस्थाले प्रत्येक वर्ष सम्मेलनको आयोजना गर्नेछ । सम्मेलनले निम्न लिखित कृयाकलापहरु गर्नेछ ।

क)	प्रसुती तथा स्त्रीरोग विषयमा वैज्ञानिक तथा ज्ञानवर्द्धक कृयाकलापहरु ।
ख)	सदस्यहरुको साधारण सभा सम्बन्धि कृयाकलापहरु ।

**सम्मेलन सम्वन्धि आर्थिक व्यवस्था**

क)	प्रत्येक वर्ष संचालन गर्ने सम्मेलनहरुको आयोजक समिति नेपाल प्रसुती तथा स्त्रीरोग विशेषज्ञ संस्थाको सदस्यहरुले गठन गर्ने छन् ।

ख)	सम्मेलनको लागि छुट्टै कन्फरेन्स खाता खोली त्यसको व्यवस्थापन एवम् संचालनको कार्य आयोजक समितिका अध्यक्ष र आर्थिक उप-समितिका अध्यक्षले संयुक्त रुपमा गर्नेछन् ।

ग)	व्यवसायिक सभा

संस्थाको व्यवसायिक सभामा नेपाल प्रसुती तथा स्त्रीरोग बिशेषज्ञ संस्थाका साधारण तथा आजिवन सदस्यहरुले मात्र भाग लिन पाउने छन् ।

**<u>यस संस्थासंग सम्बन्ध भएका अन्य संघ, संस्था र संगठनहरुको सुची</u>**

१) ब्इँइन - ब्कष्ब ७ इअभबलष्ब ँभमभचबतष्यल या इदकतभतचष्अक ७ न्थलबभअयियनथ
२) ीन्इ ( क्ष्लतभचलबतष्यलबि ँभमभचबतष्यल या इदकतभतचष्अक ७ न्थलबभअयियनथ
३) क्ँइन( क्यगतज ब्कष्ब ँभमभचबतष्यल या इदकतभतचष्अक ७ न्थलबभअयियनथ
४)
५)

**१८)	चल अचल सम्पत्तिको विवरणः-**

संस्थाले आफ्नो हक भोगमा रहेको सम्पूर्ण चल अचल सम्पत्तिको एउटा छुट्टै दर्ता किताव खडा गरि राख्नु पर्नेछ । र त्यस्तो दर्ता कितावमा कुनै चल अचल सम्पत्ति थप घट भएमा सो समेत खुलाउनु पर्नेछ ।

**१९)**	संस्थाको कोष :-

१.	संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन्ः

(क)	सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

(ख)	कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

(ग)	संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।

(घ) विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

(ङ) स्थानीय तथा सम्वन्धित निकायबाट प्राप्त अनुदान वा सहयोग प्राप्त रकम ।

२. विदेशी संघ, संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाको नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत लिनु पर्नेछ ।

३. संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिने छ ।

कोषको रकम खर्च गरिने तरिका :

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहायबमोजिमको तरिका अपनाई खर्च गरिने छ :–

(क) संस्थाको वार्षिक वजेट, योजना र कार्यक्रम स्वीकृति गरी कोषबाट रकम खर्च गर्न सकिने छ ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट आवश्यक रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपमा पेश गरि अनुमोदन गराउनु पर्नेछ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिएबमोजिम खर्च गर्नुपर्ने छ ।

२०) संस्थाको लेखा र लेखा परीक्षण :

(क) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(ख) संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्ट्रर्ड लेखा परिक्षकबाट हुने छ ।

(ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच्न गर्न गराउन सक्नेछ ।

(घ) लेखा परिक्षकको नियुक्ति बार्षिक साधारण सभाबाट हुनेछ ।

(ङ) संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ ।

**परिच्छेद ७**

२१) निर्वाचनसम्वन्धी व्यवस्था :-

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ ।

२. निर्वाचन समितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्ने छ ।

३. निर्वाचनसम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ ।

४. निर्वाचन परिणाम घोषणा भई निर्वाचन सम्वन्धि कागजात बुझबुझारथ गरीसके पश्चात निर्वाचन समितिको स्वतः बिघटन हुनेछ ।

५. साधारण सभामा मताधिकार भएका सदस्यहरू मध्येबाट एक ब्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा कार्यकारिणी समितिको निर्वाचन हुनेछ ।

६. संस्थाको कार्यकारिणी समितिको निर्वाचन गराउन तत्काल कायम रहेको कार्यसमितिले निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

७. निर्वाचनका अन्य प्रकृया तोकिए वमोजिम हुनेछ ।

२२) अविश्वास प्रस्तावः-

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन-कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहायबमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

(ग) संस्थाका साधारण तथा आजिवन सदस्यहरु मध्येबाट कम्तिमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्छ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ ।

३. **अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :-**

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरुमध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

(ख) उप-दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(ग) उप-दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ ।

४. **अविश्वासको प्रस्तावमाथि निर्णय :-**

(क) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि

देहायबमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

९৮० अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्ट्याएर वा

९৮৮० साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(ख) साधारण सभा उपस्थित भएका कूल सदस्यहरुको संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ ।

(ग) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२३) **निर्वाचनमा** उम्मेदवार हुने योग्यता :-

कार्य समितिको उम्मेदवार हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्ने छ ।

(क) संस्थाको साधारण तथा आजिवन सदस्य भएको कम्तिमा ३ वर्ष पुगिसकेको व्यक्ति,

(ख) नैतिक आचरण राम्रो भएको व्यक्ति,

(ग) संस्थाको उद्देश्य वमोजिम विशुद्ध सामाजिक कार्य गर्न इच्छुक र उत्साहित छ भन्ने संस्थाले ठहऱ्याएको व्यक्ति,

(घ) मनोयन पत्र दाखिल गर्ने दिनमा संस्थाको साधारण तथा आजिवन सदस्यको रुपमा कम्तीमा ३ वर्षको अवधि पूरागरिसकेको निर्वाचनको मताधिकार प्राप्त जुनसुकै सदस्य कार्यकारिणी समितिको कुनै पदाधिकारी वा सदस्यको रुपमा उम्मेदवार हुन सक्नेछ ।

(ङ) कुनै पनि पदाधिकारीले दुई पदावधीसम्म मात्र एकै पदमा कार्यरत रहन पाउने छ त्यो भन्दा वढि अवधि सोहि पदमा रहन पाउने छैन ।

२४) **विधान शंसोधन :-**

संस्थाको विधान संशोधन गर्न आवश्यक परे सो कुरा साधारण सभामा पेश गरि सो सभामा उपस्थित भएका सम्पूर्ण सदस्यहरुको २/३ सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिश गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२५) नियम बनाउन सक्ने :-

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो को जानकारी सम्वन्धित निकाय र स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

२. यो विधान र विधानअन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयन गर्नका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी

विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

कर्मचारीको व्यवस्था :-

१. संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

२. संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयम् सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पु¥याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति, समाज कल्याण परिषद्मा र अन्य सम्वन्धित निकाय समेत जानकारी गराइने छ ।

**२६) संस्थाको विघटन :-**

(क) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(ख) उपदफा १ बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीका कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब जाँच गर्नको लागि एक वा एकभन्दा बढी लेखा परिक्षकहरु नियुक्ति गर्न सक्नेछन् । लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिए बमोजिम हुनेछ ।

(ग) उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर तथा लेखा परिक्षकले संस्थाका खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

(घ) यसरी कारणबस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्व फरफारक गरी बाँकी रहेको संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**२७) विविध :-**

**(क)** व्याख्या :

यो विधान र विधानअन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**(ख)** गोप्यता भ· गर्न नहुने :

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यहरुले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभामा उपस्थित हुने सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन । एवम् संस्थाको कुनै पनि सदस्यले संस्थालाई अहित हुने गरि हानी नोक्सानी पु¥याउने गरि संस्थाको गोप्यता भंग गर्न पाउने छैन ।

**(ग)** ऐनअनुसार हुने :

यस विधानमा उल्लेखित नभएका कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

**(घ)** निर्देशनको पालना :

नेपाल सरकार वा स्थानीय अधिकारी, स्वस्थ्य विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मेडिकल काउन्सिल र नेपाल चिकित्सक संघले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको प्रमुख कर्तव्य हुनेछ ।

**संस्था स्थापना हुदाँका प्रथम सदस्यहरु**

१) डा. दिव्यश्री मल्ल
२) डा. सानुमैयाँ दली
३) डा. भोला रिजाल
४) डा. अन्नपूर्ण श्रेष्ठ
५) डा. सरस्वती पाध्ये
६) डा. जुनु थापा
७) डा. महोददी श्रेष्ठ
८) डा. स्वराज राजभण्डारी

## <u>अनुसूचि -१</u>

(दफा ३ स''ग सम्बन्धित)

यस संस्थाको छाप ( लोगो ) गोलाकार हुनेछ । गोलाकारको माथिल्लो भागमा पाहाडको चित्र अंकित रहने छ र त्यस पहाड माथि विहानीको सूर्योदय भएको देखिने छ । विच भागमा आमाले आफ्नो सन्तानलाई काखमा लिईरहेको चित्र अंकित रहनेछ र गोलाकारको तल्लो भागमा अंग्रजीको ठूलो अक्षरमा **ल्भ्इन** र त्यसका तल पट्टि अंग्रेजीमा नै **ज्ञढडढ** लेखिएको हुनेछ । छापको नमूना यसप्रकारको हुनेछ ।